# हाम्रो मनहरी

# स्थानीय विषयको शिक्षक स्रोत सामग्री

## आधारभूत तह(कक्षा १-३)

लेखक : दिनानाथ गौतम

मनहरी गाउँपालिका

२०८१

प्रकाशक

मनहरी गाउँपालिकाको कार्यालय

रजैया, मकवानपुर

वागमती प्रदेश, नेपाल

## पालिकाको भनाइ

शिक्षाले ज्ञान, सिप, अभिवृत्ति, मूल्य र सामर्थ्यताको विकास गरी विद्यार्थीमा स्थानीय सामाजिक एवम् साँस्कतिक पक्ष र कृषि, पर्यटन, वन, उद्योग तथा व्यवसायको जानकारी हासिल गराउँछ । शिक्षालाई रोजगारमुखी बनाउन यसलाई ज्ञान र सिपसँग जोड्नु पर्छ । शिक्षा मानव संसाधन विकासको प्रमुख माध्यम हो ।

मनहरी गाउँपालिकाको भौगोलिक बनोटअनुसार स्थान विशेष फरकफरक पहिचान र विशेषता रहेको छ । प्राकृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण, संवर्धन गर्न र स्थानीय स्तरका स्रोत साधनहरूलाई उपयोग गर्ने क्षमता विकास गर्न गाँउपालिकाले आधारभूत तह कक्षा १-३ को लागि यो स्थानीय विषयमा आधारित पाठ्यसामग्री(पाठ्यपुस्तक) विकास गरेको हो । पक्षहरूको प्रत्यक्ष अनुभव मार्फत ज्ञान, सिप, धारणा र मूल्यको विकास गर्ने विषयवस्तु समावेश गरिएको छ । यी विषयवस्तु विद्यार्थीहरूलाई सिकाउन स्थलगत अवलोकन भ्रमण, प्रत्यक्ष अनुभव तथा अवलोकन र क्रियाकलापहरूमा सहभागिता गराउनु पर्ने छ । यस विषय क्षेत्रको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । विषयवस्तुको प्रकृतिअनुसार परियोजना कार्य, प्रदर्शन, खोज तथा अनुसन्धान,, प्रश्नोत्तर, समालोचनात्मक सोचाइलगायतका विधिहरूको प्रयोग गर्नुपर्नेछ ।

स्थानीय विषयको कक्षा १-३ को पाठ्यसामग्री(पाठ्यपुस्तक) दिनानाथ गौतमद्वारा लेखन गराई यस रूपमा तयार गरिएको हो । पाठ्यसामग्री(पाठ्यपुस्तक) लाई यस स्वरूपमा ल्याउने कार्यमा गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, शिक्षा शाखाका प्रमुख प्रदीप पराजुलीबाट विशेष सल्लाह र सुझाव प्राप्त भएका छन् । यसैगरी यस गाउँपालिका अन्तर्गतका स्थानीय विषय अध्यापन गराउने शिक्षकहरूको कार्यशालामार्फत महत्त्वपूर्ण पृष्ठपोषण प्राप्त भएको छ ।स्थानीय विषयको स्रोत सामग्री विकासमा प्रबुद्ध व्यक्तित्व र विज्ञहरूबाट सहयोग, सल्लाह, सुझाव प्राप्त भएका छन् । उहाँहरूलगायत शिक्षक स्रोत सामग्री(पाठ्यपुस्तक)को विकासमा संलग्न सबैलाई गाउँपालिका धन्यवाद प्रकट गर्दछ ।

यो पाठ्यसामग्री(पाठ्यपुस्तक)लाई प्रभावकारी रूपमा प्रयोग गर्न सबै शिक्षकको महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावको लागि मनहरी गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

**मनहरी गाउँपालिकाको कार्यालय**

**रजैया, मकवानपुर**

## आधारभूत तह कक्षा १-३ को स्रोत सामग्री सम्बन्धमा

बागमती प्रदेशअन्तर्गतको मकवानपुर जिल्ला भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय महत्त्व बोकेको जिल्ला हो । मनहरी गाउँपालिका आफैँमा प्राकृतिक स्रोत साधन र जनशक्तिमा अग्रणी रहेको छ । बालबालिकामा सानै कक्षादेखि आफ्नो स्थानीय तहको परिचय दिन, त्यहाँ हुने विकासका कार्यहरू, कृषि कार्य र साना व्यवसायको जानकारी दिन आधारभूत तह कक्षा १-३ को स्रोत सामग्री तयार गरिएको हो । यसमा सिकाइ सहजीकरण विधि, प्रक्रिया र मूल्याङ्कन सम्बन्धमा विस्तृत विवरण समावेश गरिएको छ । सिकाइका लागि विद्यार्थीहरूलाई स्थलगत अवलोकन भ्रमण, प्रत्यक्ष अनुभव तथा अवलोकन र क्रियाकलापहरूमा सहभागिता गराउनु पर्नेछ । विषयवस्तुको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित, बालमैत्री र गरेर सिक शिक्षण विधि अपनाउनुपर्ने छ । स्रोत व्यक्तिको आमन्त्रण गरी छलफल, अन्तक्रिया र आवश्यकतानुसार स्थलगत भ्रमण गराएर विद्यार्थीहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष विषयवस्तुको जानकारी हासिल गराउन यो स्रोत सामग्रीले सहयोग पुर्‍याउने छ । यो स्रोत सामग्री सिकाइ सहजीकरणका लागि तयार गरिएकाले विभिन्न शिक्षण विधि, आधुनिक सूचना प्रविधिसमेतको प्रयोग गरी स्थानीय विषयवस्तुको सिकाइलाई जीवन्त र उपयोगी बनाउन सहयोगी बन्ने छ ।

**कक्षा : १**

**विषयसूची**


| **एकाइ** | **शीर्षक** | **पृष्ठसङ्ख्या** |
|---|---|---|
| एकाइ : एक | मनहरी गाउँपालिकाको परिचय | |
| एकाइ : दुई | स्थानीय जातजाति, भाषा, वेषभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार | |
| एकाइ : तीन | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | |
| एकाइ : चार | स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिंचाइ | |
| एकाइ : पाँच | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | |
| एकाइ : छ | स्थानीय खेलकुद र भोजन | |
| एकाइ : सात | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | |
| एकाइ : आठ | स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति | |

कक्षा : १

एकाइ एक

| विषय क्षेत्र: मनहरी गाउँपालिकाको परिचय | वार्षिक पाठ्यघण्टा :२० |
|---|---|

यस एकाइमा आफ्नो गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम र आफ्नो टोल वस्तीमा भएका बाटोहरू चिन्न र नाम बताउन सिकाइनेछ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम बताउन

(आ) आफ्नो टोल वस्तीमा भएका बाटोहरू चिन्न र नाम बताउन

(ख). विषयवस्तु

(अ) गाउँपालिकाको नाम, आफू बस्ने ठाउँ, गाउँपालिकाको नाम, वडा तथा विद्यालयका नाम र ठेगाना

जस्तै : मेरो गाउँपालिकाको नाम मनहरी हो । म वडा नं २ मा बस्छु । मेरो विद्यालयको नाम ...........हो ।

आ) आफ्नो घर र विद्यालय नजिकको बाटोको नाम र नजिकको जोडिने ठाउँको नाम

(इ) टोल बस्तीका बाटाहरू

आफ्नो घर र विद्यालय नजिकको बाटोको नाम र नजिकको जोडिने ठाउँको नाम

(ग) सम्भावित शिक्षण सिकाइ सामग्री


- विद्यालय भएको क्षेत्रको नक्सा वा फोटो
- गाउँपालिकाको वडाहरू देखिने नक्सा
- स्थानीय बाटोहरूका नक्सा
- विद्यालय नजिकको टोलको फोटो

- श्रव्यदृष्य सामग्रीहरू(गुगल स्याप), भिडिओ आदि ।

- 


(घ) सम्भावित सिकाइ सहजीकरण प्रकिया

(अ) विद्यार्थीलाई आफ्नो गाउँपालिकाको चित्र वा नक्सा प्रदर्शन गरी नाम र वडा सङ्ख्या भन्न लगाउने ।




(आ) विद्यार्थीहरूलाई गाउँपालिकाको नाम र वडासङ्ख्या बताइदिने ।

(इ) विद्यार्थीहरूलाई आफ्नो विद्यालय भएको ठाउँको नाम र ठेगाना बताइदिने र भन्न सिकाउने ।

(उ) विद्यार्थीहरूलाई आफू बस्ने वा आफ्नो घर भएको ठाउँ, टोलको नाम पालैपालो सोध्ने ।

(ऊ) विद्यालय नजिकको सडक, गोरेटो बाटोको नाम, अवस्था, देखाई बाटोहरू चिनाइदिने । जस्तै : सडक, गोरेटो, विद्यालयबाट उक्त बाटो हुँदै पुगिने अर्को टोलको नाम आदि ।

**(ङ) सम्भावित सिकाइ मूल्याङ्कन(सिकाइका लागि मूल्याङ्कन)**

**तलका प्रश्नहरू सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

विद्यालयको नाम, ठेगाना र नजिकको बाटोको नाम सोध्ने । जस्तै :

- ❖ तपाईंको विद्यालयको नाम के हो ?
- ❖ तपाईंको विद्यालयको कुन ठाउँमा छ, भन्नुहोस् ।
- ❖ विद्यालयको नजिक रहेको बाटाको नाम, भन्नुहोस् ।
- ❖ तपाइँको घर भएको गाउँपालिका र वडाका नाम भन्नुहोस् ।

(आ) विभिन्न समयमा गाउँपालिको नाम र आफू बस्ने वडा भने नभनेको यकिन गरी सिकाइ उपलब्धिको मापन गर्ने ।

(इ) चित्र वा भिडियो देखाइ बाटो छ छैन पत्ता लगाउन लगाउने । जस्तै :



कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना तथा प्रयोगातमक कार्य, अवलोकन, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, छोटा परीक्षा, स्व र सहपाठी मूल्याङ्कन, अभिभावकको प्रतिक्रिया आदिका माध्यमले विद्यार्थीहरूको मूल्याङ्कन गर्ने ।

## एकाइ २

विषय क्षेत्र: स्थानीय जातजाति, भाषा, वेशभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार
वार्षिक पाठ्यघण्टा : २५

यस एकाइमा स्थानीय क्षेत्रमा बसोबास गर्ने जाताजातिहरू जस्तै : तामाङ, चेपाङ, गुरुङ, मगर, बोटे, माझी, नेवार, दनुवार, राई, ठकुरी, ब्राम्हण, क्षेत्री, परियार, विश्वकर्माको नाम बताउन र स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरू जस्तै : दशैं, तिहार, माघे सक्रान्ति, ल्लोसार, तिज,

एकादशी, बुद्ध जयन्ती, फागु पूर्णिमा, नुवागी, आदिको नाम बताउन विद्यार्थीहरूलाई सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) स्थानीय क्षेत्रमा बसोबास गर्ने जाताजातिहरूको नाम बताउन

(आ) स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरूको नाम बताउन

(ख) विषयवस्तु

मनहरी गाउँपालिकामा तामाङ, चेपाङ, गुरुङ, मगर, बोटे, माझी, नेवार, दनुवार, राई, ठकुरी, ब्राम्हण, क्षेत्री, परियार, विश्वकर्मा आदि बसोबास गर्छन् । यहाँ लोपोन्मुख जाति बनकरिया पनि छन् ।
मनहरी गाउँपालिकामा दशैं, तिहार, माघे सङ्क्रान्ति, ल्होसार, तिज, एकादशी, बुद्ध जयन्ती, फागु पूर्णिमा, नुवागी, आदि चाडपर्वहरू मनाइन्छन् ।

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न स्थानीय जातजातिको सूची
- विभिन्न  जातजातिको भाषा, वेशभूषासम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर
- स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरूको सूची

(घ) सम्भावित सिकाइ सहजीकरण प्रकिया

- विद्यार्थीहरूलाई कक्षामा भएका साथीहरूको र आफ्नो नाम थरसहित पालैपालो भन्न लगाउने ।
- स्थानीय जातजातिको नाम र उनीहरूले बोल्ने आफ्नो भाषाको चार्ट प्रस्तुत गर्ने । जस्तैः तामाङ, चेपाङ, गुरुङ, मगर, बोटे, माझी, नेवार, दनुवार, राई, ठकुरी, ब्राम्हण, क्षेत्री, परियार, विश्वकर्मा आदि ।
- विभिन्न जातजातीको भाषा, वेशभूषासम्बन्धी भिडियो प्रस्तुत गर्ने ।
- स्थानीय जातजातिहरूले मान्ने चाडपर्वहरूको सूची प्रस्तुत गर्ने । जस्तैः ल्होसार, बुद्ध जयन्ती, माघे सङ्क्रान्ती, जनै पूर्णिमा, नुवागी, क्रिसमस, इदलगायत तिनीहरूमा गरिने क्रियाकलापसम्बन्धी छलफल गर्ने ।

### (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

- फोटो देखाई वेशभूषा चिन्न लगाउने । जस्तै : दौरा सुरुवाल, हाकु पटासी, आदि ।

तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- आफ्ना साथीहरूको नाम थर भन्नुहोस् ।
- आफनो टोलमा बसोबास गर्ने कुनै तीनओटा जातजातिको नाम भन्नुहोस् ।
- आफ्नो घर तथा टोल छिमेकमा मनाइने चाडहरूको नाम भन्नुहोस् ।
- जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (अ) दशैँ | (अ) तामाङ, |
| (आ) ल्होसार | (आ) चेपाङ, |
| (इ) माघे सङ्कान्ति | (इ) ब्राम्हण |
| (ई) न्वागी | (ई) मगर |

एकाइ ३

| |
|---|
| विषय क्षेत्र: स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल |
| वार्षिक कार्यघण्टा : २० |

- यस एकाइमा गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थल(चुरियामाई, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, राम मन्दिर, गोगनपानी, शिव मन्दिर, सिद्धकाली मन्दिर, गणेश मन्दिर, ओम कारेश्वर मन्दिर, धनेश्वर, कोटेश्वर शिवशक्ति पिठ, ऋषेश्वर महादेव, बरण्डेश्वर महादेव, सिद्धेश्वर, पञ्चकन्या मन्दिभिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोइलिङ गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, द साँगा छोइफेल गुम्बालगायतका विभिन्न गुम्बा तथा स्थानीय चर्चहरू, मस्जिद आदि आफू बसेको ठाउँ वरिपरिको नाम सिकाउनुपर्छ। त्यसैगरी पर्यटकीय स्थलहरू मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्रमध्ये आफू बसेको ठाउँ वरिपरिको नाम बताउन विद्यार्थीहरूलाई सिकाउनुपर्छ।

(क) कक्षागत सिकाइ उपलब्धि

- गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको नाम बताउन
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम बताउन

(ख) विषयवस्तु

गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको नाम (चुरियामाई, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, राम मन्दिर, गोगनपानी, शिव मन्दिर, सिद्धकाली मन्दिर, गणेश मन्दिर, ओम कारेश्वर मन्दिर, धनेश्वर, कोटेश्वर शिवशक्ति पिठ, ऋषेश्वर महादेव, बरण्डेश्वर महादेव, सिद्धेश्वर, पञ्चकन्या मन्दिभिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ्ग गुम्बा, पेमालिङ्ग गुम्बा, टासी छोईलिङ्ग गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, द साँगा छोइफेल गुम्बालगायतका विभिन्न गुम्बा

तथा चर्चहरू, मस्जिद आदि) गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम (मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्रमध्ये आफू बसेको ठाउँ वरिपरिको नाम )

मनहरी गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम र ठेगाना

| क. स. | नाम | ठेगाना |
|---|---|---|
| १ | पेमा छोइलिङ गुम्बा | मनहरी -१ |
| २ | कृष्ण मन्दिर | मनहरी -१ |
| ३ | शहिद स्मृति पार्क भिमान | मनहरी -२ |
| ४ | रत्नलिङ गुम्बा | मनहरी -२ |
| ५ | सिद्धकाली देवी स्थान | मनहरी -३ |
| ६ | देवकोटा भ्यू टावर | मनहरी -३ |
| ७ | विक्रम पर्ता गुरुकुल जडिबुटी उद्यान | मनहरी -३ |
| ८ | छोइलिङ घिसिङ गुम्बा | मनहरी -४ |
| ९ | ऋषेश्वर मन्दिर | मनहरी -४ |
| १० | दुधेश्वर मन्दिर | मनहरी -४ |
| ११ | पेमालिङ गुम्बा | मनहरी -५ |
| १२ | चुरयिामाई मन्दिर | मनहरी -५ |
| १३ | मोरङ्गे ताल | मनहरी -६ |
| १४ | रमौली प्रतापुर | मनहरी -६ र ७ |
| १५ | मनकामना मन्दिर | मनहरी -७ |
| १६ | पेमा छोइलिङ बौद्ध विहार | मनहरी -७ |
| १७ | गणेश धारा | मनहरी -८ |

| | | |
|---|---|---|
| १८ | मनहरी पिस पार्क | मनहरी -८ |
| १९ | देवकोटा भ्यू टावर | मनहरी -८ |

(ग). शिक्षण सिकाइ सामग्री

- गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थलहरूको सूची, फोटो



- स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची, फोटो



(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- गाउँपालिका क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्चको फोटो देखाइ चिनाउने र नाम भन्न लगाउने । यो कक्षामा विद्यार्थीहरूलाई आफ्नो वरिपरिका स्थानहरूका मात्र नाम सिकाउने जस्तैः चुरियामाई, कालिका मन्दिर, राधाकृष्ण मन्दिर, राम मन्दिर, गोगनपानी, शिव मन्दिर, सिद्धकाली मन्दिर, गणेश मन्दिर, ओम कारेश्वर मन्दिर, धनेश्वर, कोटेश्वर शिवशक्ति पिठ, ऋषेश्वर महादेव, बरण्डेश्वर महादेव, सिद्धेश्वर, पञ्चकन्या मन्दिर, बुढो महादेव थान, मनकामना मन्दिर, ध्यान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, जल्पादेवी, कृष्ण प्रणामी मन्दिर, भिमसेन मन्दिर, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोईलिङ गुम्बा, हिसे घ्यासे टासिलिङ गुम्बा, द साँगा छोइफेल गुम्बालगायतका विभिन्न गुम्बा तथा स्थानीय चर्चहरू, मस्जिद आदि ।
- विद्यालय नजिकको मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा अवलोकन भ्रमण गराई तिनीहरूको नाम बताई दिने ।
- घर वा विद्यालय नजिक रहेको पर्यटकीय क्षेत्रहरूको नाम र चित्र सङ्कलन गरी प्रदर्शन गर्ने । जस्तैः (मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, देवकोटा भ्यू टावर, रमौली पर्तापुर, ट्रि हाउस, शहिद स्मृति पार्क भिमान, गोगनपानी भ्यू टावर, विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्र आदि ।
- सम्घव भएमा विद्यालय नजिकको कुनै एक रमणीय पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराई त्यसको बारेमा छोटो परिचय दिने ।

### (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- तपाई बसेको वा विद्यालय नजिक भएको कुनै एक ऐतिहासिक तथा धार्मिक ठाउँहरूको नाम भन्नुहोस् ।
- तपाई बसेको वा विद्यालय नजिक भएको कुनै एक रमणीय पर्यटकीय ठाउँहरूको नाम भन्नुहोस् ।
- तपाईको गाउँ वा नजिकको ठाउँमा लाग्ने कुनै दुईओटा मेला वा जात्राको नाम भन्नुहोस् ।
- फोटो देखाई विभिन्न मन्दिर, ठाउँहरू चिन्न लगाउने ।
- तपाईलाई मनपर्ने कुनै एक कुनै एक मन्दिर वा गुम्बाको चित्र बनाउनुहोस् ।

एकाइ ४

विषय क्षेत्रः  स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिँचाइ

वार्षिक कार्यघण्टा : ३०

यस एकाइमा स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरू साल, सिसौ, खयर, सिमल, साज, अमला, हर्रो, बर्रो, नीमपत्ता, तीतेपाती, बाँस आदिको नाम सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय क्षेत्रमा पाइने बोटविरुवाको नाम बताउन
- स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरूको चिनेर नाम बताउन
- स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम बताउन

(ख) विषयवस्तु

- स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरूको नाम (साल, सिसौ, खयर, सिमल, साज, अमला, हर्रो, बर्रो, नीमपत्ता, तीतेपाती, बाँस आदि)

अमला

अमला मनहरीका विभिन्न स्थानमा पाइन्छ । यसका पातहरू एउटै डाँठमा मसिना दुवैतिर लहरै मिलेका हुन्छन् । यसमा चैत्र बैशाखतिर फूलहरू लाग्दछन् । फूलहरू पातको मुन्तिर टम्म मिलेर फुल्दछन् । फूलहरू बास्नादार, हरिया तथा पहेँला रङका हुन्छन् । यसका फलहरू गुदीदार हुन्छन्, फलको आकार गोलो किसिमको हुन्छन् । फलहरू पहिले हरिया र पाकेपछि हल्का पहेँला हुन्छन् । आजकल उन्नत जातका अमलाहरू पनि पाइन्छन् । यी फलहरू जङगली अमलाभन्दा झन्डै दोब्बर हुन्छन् ।



- स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू र वन्यजन्तुहरू चिन्न र  नाम बताउन -गाई, भैंसी, बाख्रा, बाँदर, बँदेल, स्याल, मृग, चितुवा, खरायो, सालक, भालु आदि)

- स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरू चिन्न र नाम बताउन
  (मनहरी खोला, ठाडो खोला, चौरा खोला, राप्ति खोला, बाहुन्ने खोला, मोरोङ्गे ताल, लोथर, गोगनपानी, ज्यामिरे खोला आदि ।
- कुवा, इनार, धारालगायत)

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न बोटविरुवा हरूको नक्सा, चित्र



- मनहरीमा पाइने घरपालुवा र वन्यजन्तुहरूको फोटो तथा सूची



- पानीका विभिन्न स्रोतहरूको चित्र, फोटो

जस्तै : धारा , इनार आदि ।



• श्रव्यदृष्य सामग्रीहरू

## (घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- आफू बसोबास गर्ने ठाउँमा पाइने विभिन्न बोटविरुवाहरूको सूची बनाई चित्रसहित प्रस्तुत गर्ने ।
- विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध विरुवाहरू देखाउने र वरिपरि देखिने विरुवाहरूको नाम भन्न लगाउने । जस्तैः (साल, सिसौ, खयर, सिमल, साज, अमला, हर्रो, बर्रो, नीमपत्ता, तीतेपाती, बाँस आदि ।
- विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीवजनावर तथा चराचुरुङ्गीहरू देखाई तिनीहरूको नाम भन्न, पहिचान गर्न सिकाउने । जस्तैः कुकुर, गाई, बाख्रा, कुखुरा, बिरालो आदि ।
- स्थानीय ठाउँमा पालिने विभिन्न जनावरहरूको फोटो देखाई नाम भन्न लगाउने
- स्थानीय वन क्षेत्रमा पाइने विभिन्न जनावरहरूको फोटो देखाई नाम भन्न लगाउने जस्तैः स्याल, बँदेल स्याल, मृग, खरायो, भालु, चितुवा, काग, गिद्ध, रुपी आदि ।
- स्थानीय क्षेत्रमा भएका विभिन्न पानीका स्रोतहरूको जस्तैः (मनहरी खोला, ठाडो खोला, चौरा खोला, राप्ति खोला, बाहुन्ने खोला, मोरोङगे ताल, लोथर, गोगनपानी, ज्यामिरे, कुवा, इनार, धारालगायतको फोटो देखाई तिनीहरूको नाम भन्न लगाउने र चिनाइदिने ।
- विद्यार्थीहरूलाई नजिकको पानीको स्रोतमा अवलोकन भ्रमण गराइ त्यसलाई चिनाउने र प्रयोगबारे बताइदिने ।

## (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

- चित्र देखाई विभिन्न विरुवाहरू चिन्न लगाउने । जस्तै : सालको बिरुवा, आँपको बिरुवा ।

- आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम सोध्ने ।

- विभिन्न वन्यजन्तुहरूको फोटो देखाइ चिन्न लगाउने । जस्तै :



- धाराको सामान्य चित्र बनाउन लगाउने ।

तलका प्रश्नहरू सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- आफ्नो विद्यालय र टोलमा पाइने बोटविरुवाहरूको नाम भन्नुहोस् ।

- कुनै तीनओटा घरपालुवा जनावरहरूको नाम भन्नुहोस्

एकाइ ५

| विषय क्षेत्र: स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम वार्षिक कार्यघण्टा : २५ |
|---|

- यस एकाइमा मनहरी गाउँपालिकाको स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली, जस्तै : धान, मकै, कोदो, फलफूल नास्पाती, कागती, तरकारी जस्तै : बोडी, साग, मुला, काउली आदिका नामको जानकारी गराउनुपर्छ । त्यसैगरी कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरू जस्तै हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो, मान्द्रो, भकारी, आदि चिन्न र नाम भन्न सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली, फलफूल बाली, तरकारीबाली पहिचान गरी नाम बताउन

- स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरू चिन्न र नाम बताउन

(ख) विषयवस्तु

- स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली( धान, मकै, कोदो), फलफूल बाली( नास्पाती, कागती) तरकारी ( बोडी, साग, मुला, काउली आदि)

- स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परमपरागत सामग्रीहरूको नाम  जस्तै : (हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो, मान्द्रो, भकारी, आदि)

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न बालीनालीहरूको फोटो, चित्र

- स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची

- कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको फोटो

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः सागसब्जी, फलफूल धान, मकै, आदि ।

- विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादन हुने वस्तुहरूको नाम सहित चिनाईदिने ।

- स्थानीय ठाउँमा मानिसहरूले परावूर्व कालदेखि कृषि कार्यमा उपयोग गर्दै आएका विभिन्न घरायसीसामग्रीहरूको चित्र प्रस्तुत गर्ने र चिनाइदिने । (हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो, मान्द्रो, भकारी आदि) उक्त औजारहरूको उपयोगबारे चित्र सहित बताईदिने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- वरिपरि रहेका वालीनालीको चित्र देखाइ के हो चिन्न लगाउने जस्तै कोदो, धान, मकै, गहुँ आदिको

- आफ्नो घर वा नजिकको समुदायमा उत्पादन हुने फलफुलहरूको नाम सोध्ने ।

- आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने ।

- फोटो देखाई विभिन्न औजारहरू चिन्न लगाउने ।



- आफ्नो घरमा भएका कृषि औजारहरूको नाम सोध्ने ।

एकाइ ६

| |
|---|
| विषय क्षेत्र: स्थानीय खेलकुद र भोजन<br>वार्षिक कार्यघण्टा : २० |

यस एकाइमा स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम बताउन, अभ्यास गर्न र खाइने खानाहरूका परिकारहरूको नाम बताउन

सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम बताउन र अभ्यास गर्न
- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम बताउन

(ख) विषयवस्तु

- स्थानीय स्तरमा खेलिने खेलहरूको नाम र अभ्यास (रुमाल लुकाइ छोटो दौड, कवड्डी, चुङ्गी, डण्डीवियो, गट्टी, बाघचाल, भालेजुधाइ आदि)

(अ) गट्टी खेल

गट्टी भनेको ढुङ्गालाई माथि फ्याल्दै खेलिने एक प्रकारको परम्परागत खेल हो । यो खेल नेवारी बालबालिकाहरूमा लोकप्रिय खेल हो । आधुनिक प्रविधिहरुसँगै अहिले यो खेल पनि विलिन हुने क्रममा छ । मनहरी गाउँपालिकामा यो खेल विद्यार्थीले खेल्छन् ।

- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम(ढिँडो, दालभात, रोटी, गुन्द्रुकको अचार, मकै, भटमास, तरुल, सिस्नुका परिकारहरू, सागपात, माछा आदि ।

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय खेलहरूको सूचीको चार्ट
- स्थानीय क्षेत्रमा खाइने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख आदि ।

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय स्तरमा बालबालिकाहरूले खेल्ने खेलहरूको सूची तयार पारी नाम प्रस्तुत गर्ने ।
- रुमाल लुकाइ, छोटो दौड, कवड्डी, चुङ्गी, डण्डीबियो, गट्टी, बाघचाल, भालेजुधाइ आदि खेलसम्बन्धी क्रियाकलापहरू विद्यार्थीहरूलाई सिकाउने र अभ्यास गराउने ।
- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची तयार पारी फोटोसहित प्रस्तुत गर्ने । जस्तैः ढिँडो, दालभात, रोटी, गुन्द्रुकको अचार, मकै, भटमास, सिस्नुका परिकारहरू, कन्दमुल सागपात, माछामासु, मौसमी फलपूलहरू आदि ।
- आफ्नो घरमा पाक्ने परिकारहरूको नाम पालैपालो भन्न लगाउने । जस्तैः ढिँडो, दालभात, रोटी, गुन्द्रुकको अचार, मकै, भटमास, तरुल, सिस्नुका परिकारहरू, सागपात, माछामासु आदि

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- तपाइँ घर तथा विद्यालयमा कुन कुन खेल खेल्नुहुन्छ कुनै दुइटाको नाम भन्नुहोस् ।
- तलको चित्र हेरी कुन खेल हो भन्नुहोस् ।



• तलका विभिन्न खानाका नाम भन्न लगाउने ।

• 



तपाइँलाई मनपर्ने खानाको नाम भन्नुहोस् ।

एकाइ ७

| |
|---|
| विषय क्षेत्र : सडक सुरक्षा र प्रकोप न्यूनीकरण<br><br>वार्षिक कार्यघण्टा : १० |

यस एकाइमा स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप (आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प) को नाम बताउन सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप विपद्को नाम बताउन

(ख) विषयवस्तु

☐ स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोपहरूको नाम जस्तैः आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प लगायतको नाम

(ग). शिक्षण सिकाइ सामग्री

- प्रकोप र दुर्घटनासम्बन्धी फोटो, चित्रहरू
- श्रव्य दृष्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- विभिन्न पत्रपत्रिकाहरू तथा पोष्टरहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्पले गरेका असरहरूको चित्रहरू प्रर्दशन गर्ने र चिनाउने ।
- विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरो वा नदी कटान वा डुबान क्षेत्रको अवलोकन गराउने ।
- प्रकोप सम्बन्धी भिडियो देखाउने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- चित्रमा के भएको छ भन्न लगाउने ।



- विपद्का नाम सम्बन्धित फोटोहरूसित जोडा मिलाउन लगाउने ।



(अ) बाढी

(आ) पहिरो



(इ) आगलागी



(ई) सडक दुर्घटना



एकाइ ८

| |
|---|
| विषय क्षेत्र : स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति<br><br>वार्षिक कार्यघण्टा : १० |

यस एकाइमा गाउँपालिका भित्र भएका सेवामूलक संस्थाहरू जस्तै : विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सहकारी, बैंक, हुलाक कार्यालय आदिको नाम बताउन सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

गाउँपालिकाभित्र भएका सेवामुलक संस्थाहरूको नाम बताउन

(ख) विषयवस्तु

गाउँपालिका भित्र भएका सेवामूलक संस्था, सहकारी, वित्तीय संस्थाहरूको नाम -विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था, क्लब, रेडक्रस, स्काउट आदि)

### (ग). शिक्षण सिकाइ सामग्री

गाउँपालिकाभित्र भएका सेवामूलक संस्थाहरूको सूची, चित्र,फोटो, चार्ट, ब्रोसर, पम्प्लेट

### (घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक सङ्घसंस्थाहरूको सूची बनाई चित्रसहित प्रस्तुत गर्ने । जस्तैः विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था, वडा कार्यालय, हुलाक कार्यालय आदि ।
- उक्त संस्थाहरूबाट पाउने सेवाहरूको बारेमा बताइदिने । जस्तै : विद्यालयबाट पढ्न र सिक्न, स्वास्थ्य चौकीबाट स्वास्थ्य उपचार आदि ।

विद्यालय नजिकको कुनै एक सामाजिक संस्थामा लगेर त्यहाँ हुने कामहरू प्रत्यक्ष देखाउने र त्यसबाट लिन सकिने सेवाको बारेमा छलफल गर्ने ।

### (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- आफ्नो घर तथा विद्यालय नजिक भएका सेवाममूलक संस्थाको कुनै एकको नाम भन्नुहोस् ।
- विद्यालय र स्वास्थ्य चौकीबाट हामीले के सुविधा पाउँछौ ?
- आफ्नो विद्यालयको चित्र बनाउनुहोस् ।

तलका क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- चित्रहरूमार्फत संस्थाहरू चिन्न लगाउने । जस्तै : प्रहरी चौकी मनहरीको तस्बिर वा नजिकको स्वास्थ्य चौकी आदि ।